**मानव विकास तथा सामुदायिक सेवा प्रस्तावक रहेको मानव विकास तथा सामुदायिक सेवा-चौरजहारी अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी**

**सार्वजनिक सूचना**

**प्रकाशित मितिः** २०७९/०३/१९

कर्णाली प्रदेश, रुकुम जिल्लाको चौरजहारी नगरपालिका वडा नं ०१ नाखिरा टोल स्थित मानव विकास तथा सामुदायिक सेवाद्वारा प्रस्तावित निम्न व्यहोरा बमोजिमको मानव विकास तथा सामुदायिक सेवा-चौरजहारी अस्पताललाई स्तरउन्नति गरी कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्ताव को नाम र ठेगाना** | मानव विकास तथा सामुदायिक सेवा<br>कर्णाली प्रदेश, रुकुम जिल्ला, चौरजहारी नगरपालिका वडा नं ०१ |
| **प्रस्तावको व्यहोरा** | मानव विकास तथा सामुदायिक सेवाद्वारा कर्णाली प्रदेश, रुकुम जिल्ला, चौरजहारी नगरपालिका वडा नं ०१ स्थित १३,७३४.४४ वर्ग मिटर जग्गा क्षेत्रफलमा ५० शय्यामा सञ्चालन भईरहेको मानव विकास तथा सामुदायिक सेवा-चौरजहारी अस्पताललाई १०० शय्यामा स्तरउन्नति गर्न लागिएको छ। अस्पतालमा जम्मा १३ वटा भवनहरु रहेका छन् र अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाहरुमा जनरल मेडिकल सेवा, सामान्य शल्यक्रिया, स्त्री रोग सेवा, गर्भवती महिला तथा वालवच्चाका स्वास्थ्योपचार सेवा, हाडजोर्नी सम्बन्धि सेवा, स्वास्थ्यकर्मीलाई तालिम, क्षयरोग, कुष्ठरोग, प्राथमिक आँखा उपचार, दन्त, ए. आर. टी, पी. एम. टि. सि. टि. तथा एच. टी. सि. सेवाका साथै महामारीको रुपमा देखा पर्ने सरुवा रोगहरुको उपचार आदि रहेका छन्। |
| **प्रभाव पर्न सक्ने नगरपालिका** | चौरजहारी नगरपालिका र चौरजहारी नगरपालिका वडा नं ०१ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन गरिएको हो। यस प्रस्ताव सम्वन्धि थप लिखित राय सुझाव निम्न ठेगानामा आई पुग्ने गरी उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मानव विकास तथा सामुदायिक सेवा<br>ठेगाना : ललितपुर महानगरपालिका-८, मिलनबस्ती<br>फोन नं : ०१-५०१५०६२<br>इमेल : info@hdcsnepal.org<br>वेवसाइट : www.hdcsnepal.org |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन ग्लोव इन्टरनेशनल प्रा. लि.<br>कोटेश्वर-३२, काठमाण्डौं, नेपाल<br>ईमेलः info.greenglobes@gmail.com<br>फोन नः ०१-५१४९१११ |